कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ०१ (संयुक्तांक २५५) ने. सं. ११३६ दिल्लागा पारु बुधवा: २०७३ श्रावण ०५ गते बुधवार (Jul 20, 2016) मूल्य रु.५/- पृष्ठ १०



# हिन्दु धर्म र दासतापूर्ण दलित जीवन



– राजकिशोर रजक–

समयको हिसाबले आजको समाजलाई एकाइसौं शताब्दीको आधुनिक समाज भनिन्छ । त्यसो त इतिहासको एउटा कालखण्डलाई दास युग पनि भन्ने पनि गरिन्छ । मतलब दास युग इतिहास भइसकेको आम मान्यता छ। राम्रो हुन्थ्यो यदि सत्य त्यस्तै भइदिएको भए ! तर विडम्बनाको कुरा दलितलाई कुकुर र जनावरभन्दा माथि नठान्ने धर्मको रक्षालाई राज्यको कर्तव्य ठान्ने युगमा हामी बाँचिर हेका छौं ।

दार्शनिक प्लेटोको अनुसार त्यो व्यक्ति दास हो, जसले आफ्नो व्यवहारको लागि अरुको आदेशको पालन गर्छन्। यो परिभाषालाई गहिरिएर विचार गर्दा हिन्दु वर्णव्यवस्था अन्तर्गतका शुद्रहरु वास्तविक दास हुन्। शुद्रहरुको सामाजिक, आर्थिक तथा राजनीतिक स्थिति यति नाजुक छ कि उनीहरु आफ्नो दासत्वको विषयमा कसैसँग गुनासो गर्न सक्दैनन्। उनीहरुले आफ्नो आपवितीलाई जीवन ठान्छन् र कहिले यो सोच्न पनि सक्दैनन् कि दासत्वबाट मुक्ति पनि सम्भव छ। दासत्व यति अमानवीय हुन्छ कि अरुबाट मानवता वा मर्यादित व्यवहारको अपेक्षा पनि गर्न सक्दैनन् । आज पनि दक्षिण एसियामा लगभग २५ करोड शुद्र दासतापूर्ण जीवन बाँच्न बाध्य छन्।

### हिन्दु धर्मले कसरी शुद्रलाई दास बनायो ?

करिब ३५०० वर्ष पहिले आर्यभाषी समुदाय इरान र आफ्गानिस्तान हुँदै भारतवर्ष प्रवेश गरेका थिए। उनीहरुले करिब ३३०० वर्ष पहिले भारतवर्षका मूलवासीमाथि आक्रमण गर्दै उनीहरुलाई दास बनाए । हिन्दु धर्मको मूलग्रन्थ मनुस्मृतिमा वर्ण उत्पतिको विषयमा एक विशाल मानवको शरीरलाई □ब्राह्मणे वैश्यमुखमासीतवाहू राजन्य कृत:, उरू तदस्थ यद्धेश्य:पदमयां शूद्रोजायत□ भनिएको छ । अर्थात ईश्वरको मुखबाट ब्राह्मण, हातबाट क्षत्रिय, तिघ्राबाट वैश्य र पैतालाबाट शुद्रको जन्मिएको भनिएको छ। यी कथित विचारलाई संस्थागत गर्न ब्राह्मणहरुले विभिन्न ऋचा, वेद तथा स्मृतिको रचना गरे । यी रचनामा वर्णव्यवस्थालाई कायम गर्न विभिन्न नियम बनाइए र समाजलाई विभिन्न जातजातिमा विभाजन गरिए ।

सुरुमा वर्णभेद रंगभेदको रुपमा रहे पनि पछि जातिभेदको रुपमा विकास गरियो, त्यसलाई जन्मसँग जोड्ने काम गरियो । वर्णव्यवस्था लागू गर्ने सन्दर्भमा सजातीय विवाह, रक्त सम्बन्ध नै एक ठाउँमा बसोवास गर्न सक्ने व्यवस्थालाई कडाइपूर्वक लागू गरियो । छुवाछूतलाई जातव्यवस्था कायम गर्न एक सजायको रुपमा विकास गरियो। मानव समूहबीच शुद्ध अशुद्धको विचार र मनोविज्ञानलाई विभिन्न कोणबाट विकास गरियो।

वर्ण वा जातको आधारमा श्रमको विभाजनको सन्दर्भमा ईश्वरले शुद्रलाई तन, मन र धनले ब्राह्मण, क्षत्रिय र वैश्यलाई केवल सेवा गर्ने आदेश दिएको छ। ब्रह्माले शुद्रलाई ब्राह्मणको दासको लागि मात्र जन्म दिएको छ । शुद्रको जीवनलाई मनुस्मृतिमा विरालो, काग, कुकुर, गधा तथा उल्लुलाई मार्नमा जति पाप लाग्छ त्यति नै एक शुद्रलाई मार्नमा लाग्छ भनिएको छ। शुद्रलाई एक स्वतन्त्र मानवको रुपमा पनि स्वीकारेको छैन । मनुको आदेश थियो, शुद्रले सवर्णलाई जुन अंग प्रयोग गरेर मारेको हो, राजाले उसको त्यही अङ्ग काट्ने आदेश दिनुपर्छ।

### ब्राह्मणले आफूलाई श्रेष्ठ राख्न गरेको चलाखी

हिन्दु धर्मका मूलग्रन्थहरु अध्ययन गर्दा ब्राह्मणहरुले आफूलाई श्रेष्ठ राख्न मनुस्मृतिमा छुट्टै व्यवस्था गरेका छन् । ब्राह्मण भनेको मंगलमय, क्षत्रिय भनेको शक्तिमय, वैश्य भनेको धनमय र शुद्र भनेको निन्दामय हो। शुद्रले घीउ, दूध, पान र श्रेष्ठ भोजन खानु हुँदैन र खायो भने यसबाट ब्राह्मणलाई दु:ख हुन्छ । शुद्रहरु गाउँको सिमानाभित्र बस्नु हुँदैन। उनीहरुको बास भनेको गाउँभन्दा बाहिर, मसानघाट, पहाड तथा भीर पाखाआदि ठाउँमा बसोवास गर्नुपर्छ । यदि ईश्वरले शुद्रलाई दासताबाट मुक्तिको इच्छा गरे पनि उनीहरु दासताबाट मुक्त हुन सक्दैनन् किनभने दासता उनीहरुको स्वभाविक कर्म नै हो। उनीहरुलाई जुठो अन्न, पुरानो कपडा, पुरानो वर्तन भाडामात्रै दिनुपर्छ । उनीहरुको आफ्नो भने केही हुनु हुँदैन।

शुद्रलाई शिक्षाबाट बञ्चित राख्ने खेल शिक्षा र ज्ञान आर्जनबारे पनि मनुस्मृतिमा एक विशेष व्यवस्था गरिएको छ। शुद्रलाई ज्ञान दिनु हुँदैन। यज्ञ वा हवनबाट बचेको उच्छिष्ट तथा भाग पनि शुद्रलाई दिनु हुँदैन । उनीहरुलाई धर्मको उपदेश पनि दिनु हुँदैन । यदि शुद्रले भुलवस वेदको सुनेमा उसको कानमा तातो शिसा पगालेर हाली दिनुपर्छ। वेद उच्चारण गरेमा उसको जिब्रो काटी दिनुपर्छ र स्मरण गरेको खण्डमा हत्या गर्नुपर्छ । यी विभिन्न व्यवस्थाबाट शुद्रलाई आफ्नै सभ्यताको ज्ञान र शिक्षाबाट बञ्चित गरियो ।

### ब्राह्मणले आफ्नो रक्षाका लागि गरेको चलाखी

ब्राह्मणले आफ्नो रक्षाका लागि मनुस्मृतिमा गरेका व्यवस्थाअनुसार ब्राह्मणले जस्तोसुकै अपराध गरे पनि उसलाई मृत्युदण्ड दिनु हुँदैन। ब्राह्मणको हत्याभन्दा संसारमा अरु कुनै पाप हुन सक्दैन । त्यसैले राजाले उसलाई कहिलै मृत्युदण्डको आदेश दिनु हुँदैन । नराम्रो कार्य गरे पनि ऊ पुजनीय नै हुन्छ। ऊ भू-मण्डलको परम देवता हो। कुनै पाप गरेको खण्डमा उसलाई मार्नु हुँदैन, बरु देशनिकाला गरी दिनुपर्छ।

### ब्राह्मणले जीविकोपार्जनका लागि गरेको चाल

हिन्दु धर्मका विभिन्न ग्रन्थमा ब्राह्मणले आफ्नो जीविकोपार्जनका लागि जसले आफ्नो संचित अन्नको भण्डार बाट ब्राह्मणलाई दान गर्दैन, उनीहरु कि त चोर हुनुपर्छ कि त पापी हुनुपर्छ । त्यस्तो कामलाई ब्राह्मण हत्या गरेको समान बुझ्नुपर्छ। संसारमा जे जति चिज छन् सबै ब्राह्मणकै हुन् । ब्रह्माको मुखबाट उत्पन्न र कुलिन हुनुको कारण उनीहरु नै सबै धनको अधिकारी हुनु हो।

### आर्थिक शोषणका लागि खेलिएको चाल

मनुस्मृतिअनुसार ब्राह्मण बिनासंकोच वा निडर भएर शुद्रको धन वा द्रव्य छिन्नुपर्छ किनभने शुद्रको आफ्नो केही पनि हुँदैन । उसको धन उसको स्वामी ब्राह्मण नै हो। शुद्रले धन आर्जन गर्ने क्षमता राखे पनि उसले धन संचय गर्नु हुँदैन। धन आर्जन गरेर उसले ब्राह्मणलाई सताउन सक्छ।

हिन्दु धर्मका विभिन्न वेद, रचना, शास्त्रलाई एक स्वतन्त्र मानवको आँखाबाट गहिरिएर विश्लेषण गर्दा यी चालहरुको माध्यमबाट शुद्रलाई दास बनाउन कुनै कसर बाँकी राखिएको छैन भन्ने देखिन्छ।

उचनीचमा आधारित जातहरुको समूह नै हिन्दु धर्मको देन हो। यो धर्म मानव सिद्धान्तमा आधारित नभएर शासनमा आधारित हो भन्ने कुरा हिन्दु धर्मका शास्त्रलाई अध्ययन गर्दा प्रस्ट देखिन्छ ।

प्रोफेसर घुर्येले हिन्दु समाजको मुख्य स्वरुपलाई यसरी व्याख्या गरेका छन् । हिन्दु समाजमा वर्णमा आधारित वर्ग निर्माण भएका छन्। मानव समुदायको बीचमा उचनीचको भावना प्रयाप्त देखिन्छ । यहाँ खानपान र सामाजिक सम्मिश्रणमाथि प्रतिबन्ध नै छ । कुनै समुदायलाई सामाजिक तथा धार्मिक रुपमा तिरस्कार गरिन्छ भने कसैलाई विशिष्ट अधिकार दिइन्छ । व्यवसाय छनौटको स्वाधीनतामा रोक लगाइएको छ। विवाह सम्बन्धमा स्वतन्त्रता छैन । आफ्नो वर्ण वा जातभन्दा बाहिर गरिएको विवाहलाई सामाजिक स्वीकृति छैन ।

धर्मको सन्दर्भमा अम्बेडकरलाई के विश्वास थियो भने जीवनको लागि धर्मको आवश्यकता छ र यसको बिना समाज संचालन गर्न कठिन छ। धर्मको मूल्यांकन सामाजिक मापदण्डमा आधारित भएर हुनुपर्छ। जुन धर्ममा आफ्नै अनुयायीको बीचमा चरम भेदभाव हुन्छ त्यो धर्म हुनैसक्दैन, बरु त्यो धार्मिक अपराध हुन्छ । जुन धर्मले आफ्नो करोडौं अनुयायीलाई कुकुर तथा अपराधीभन्दा पनि बढी तिरस्कार गर्छ, त्यो धर्म होइन अपराधखाना हो।

हिन्दु धर्मको सुधारको सन्दर्भमा अम्बेडकरले केही सुझाव अगाडि सारेका थिए, जुन सान्दर्भिक छन् । पहिलो हिन्दु धर्मका लागि एक सर्वमान्य धर्मग्रन्थ हुनुपर्छ । दोस्रो, समाजमा पुरोहित पनि चाहिन्छ तर जन्मजात पुरोहितवादको अन्त्य हुनुपर्छ । सबैका लागि मुक्त परीक्षाको आधारमा पुरोहित छनौट हुनुपर्छ । यसका लागि सरकारी प्रमाणपत्र अनिवार्य हुनुपर्छ। राज्यले कानुन बनाएर पुरोहितको संख्यामा सीमाबन्दी गर्नुपर्छ र पुरोहितको नैतिकता, विश्वास र पुजाविधिमाथि सरकारी निगरानी हुनुपर्छ। जातव्यवस्थालाई खारेज गर्न अन्तरजातीय विवाहलाई प्रोत्साहन र राज्यपक्षबाट कानुन बनाई कठोरतापूर्वक लागु गर्नुपर्छ ।

rajak.raj62@gmail=com


## ब्वना पौ

किपुलिं पिदनाच्वंगु छगू जक नेपालभाषाया **ज्वजलपा वा:पौ** खुदँ फुना न्हयदँय् क्यंगु

**कीर्तिपुर सन्देश साप्ताहिक** न्यादँ फुना खुदँय् क्यंगु



नजरराम महर्जनया झिंछगूगु उपन्यास **‘थ्वयाच्वंगु स:’**



श्रीकृष्ण महर्जनया न्यागूगु सफू **‘नास:’**



नाति महर्जनया न्हापांगु सफू **‘ईब्य:या चिनाखँ’**

**किपूया न्हापांम्ह पत्रकार ज्ञानबहादुर महर्जनया नापं पलिस्था यानात:गु ज्ञान पत्रकारिता सिरपा: नं ल:ल्हायेगु**

**दिं** *ने.सं. ११३६ दिल्लागा चौथि शनिवा: (श्रावण ८ गते)*

**थाय्:** *मंगल उच्च मावि, न्हूबजा: किपू*

**ई:** *न्हिनसिया १२:०० ता इलय्*

ब्वति कयादीत सकलसित इनाप

कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ६ अंक ०१ (संयुक्तांक २५५) ने. सं. ११३६ दिल्लागा पारु बुधवा: २०७३ श्रावण ०५ गते बुधवार (Jul 20, 2016) मूल्य रु.५/- पृष्ठ १०

## अविश्वासको प्रस्ताव टुंगो लागेपछि स्पष्ट हुने

# साउन ९ गते सम्म धारा २९८ को नै बहस

**श्रीकृष्ण महर्जन**

उत्कृष्ट संविधान भनी प्रमुख राजनीतिक दलहरुले नयाँ संविधान जारी गरेको एक बर्ष नपुग्दै संविधानको विषयमा दलका प्रमुख नेताहरु मात्र नभई कानुनी व्यवसायीहरु समेत तिब्र रुपमा बहसमा उत्रेका छन् ।

जारी संविधानको धारा २९८ अनुसार नै संसदको दोस्रो ठूलो दल एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्री पदमा बहुमतले निर्वाचित भएको र अव माओवादी केन्द्रले संसदको सबैभन्दा ठूलो दल नेपाली कांग्रेससंग सहकार्य गर्दै अविश्वासको प्रस्ताव दर्ता गरेपछि नयाँ सरकार गठन सम्वन्धमा विवाद शुरु भएको हो ।

एमालेका नेताहरुले संविधानको धारा २९८ मा सरकार विघटनको सवालमा अविस्वासको प्रस्ताव गर्न सकिने र सरकार विघटन गर्ने व्यवस्था



भएतापनि नयाँ सरकार गठन सवालमा मौन रहेको बताउदै आएका छन् । संविधान जारी भएपछि एक पटकको लागि सरकार गठनको कुरा सो धारामा उल्लेख भएको तर अर्को सरकार गठनको कुरा उल्लेख नभएको तर्क एमालेका नेतामात्र नभई एमाले निकट कानुनी व्यवसायीहरुले समेत ब्याख्या गर्दै आएका छ ।

उता अविश्वासको प्रस्ताव गरेको कांग्रेस र माओवादी केन्द्रका नेतादेखि ती पार्टी निकट कानुन व्यवसायीहरुले भने संविधानको धारा २९८ अनुसार नै नयाँ सरकार गठन गर्न सकिने बताउदै आएका छन् ।

जुन धाराले सरकारको विघटन हुन्छ अर्थात बहिर्गमन हुन्छ त्यहि धाराकै आधारमा साथै संसदीय नियमावलीको आधारमा नयाँ सरकार सहमति नभए बहुमतवाट बनाउन सकिने दावी गर्दै आएका छन् । २९८ धाराको विषयमा कानुन व्यवसायीदेखि राजनीतिक पार्टीका नेताहरुले समेत आ-आफ्नो अनुकुल व्याख्या गर्दै आएको अवस्था भएतापनि साउन ६ गतेदेखि संसदमा अविश्वासको प्रस्तावको सवालमा छलफल हुने र ९ गते सम्म जारी हुने भएका कारण ९ गते पछि अवश्य पनि टुंगो लग्ने कुरा स्पष्ट छ । कांग्रेस, माओवादी, संघीय गठबन्धन, नेकपा संयुक्त लगायतले अविश्वासको प्रस्तावमा मतदान गर्ने भएपछि ओली सरकारले विश्वासको मत लिन सक्ने अवस्था छैन भने ओलीलाई एमाले, जनमोर्चा नेपाल र राप्रपा नेपाल लगायतले सहयोग गरेतापनि अल्पमत हुने निशिचत छ ।

अविश्वासको प्रस्तावको सवालमा टुंगो लागेपछि अवश्य पनि राजनीतिक सहमति वा राष्ट्रपति विद्यादेवी भन्डारीले कानुन व्यवसायीहरुसंग सर सल्लाह गरेपछि एउटा टुंगोमा पुग्ने छ । यसै वीच एमालेले संविधानको धारा संशोधनकालागि प्रस्ताव समेत कांग्रेस र माओवादीलाई गरेको अवस्था छ भने अविश्वासको प्रस्ताव दर्ता भइसकेको अवस्थामा फेरी संविधान संशोधन गर्न नसकिने कुरा पनि कानुन व्यवसायीहरुले बताउदै आएका छन् । यसपालि ओली सरकारको बहिर्गमन भएमा नयाँ सरकार गठन गर्ने सवालमा जुन ढंगवाट संविधानको विषयमा विवाद भएको छ यसले स्पष्ट रुपमा संविधान त्रुटिपूर्ण छ भन्ने कुरा बुझ्नुपर्ने अवस्था आएको छ ।

आफूहरुले बनाएको अत्यन्तै उत्कृष्ट संविधान भनी दावी गर्ने दलका नेतादेखि कानुनी व्यवसायीहरुले समेत संविधान जारी भएको एक बर्ष नबित्दै जारी संविधान त्रुटिपूर्ण भएको स्वीकार गर्न बाध्य बनाएको छ भन्दा केहि फरक पर्दैन होला ।

**शिक्षक सेवा आयोग नि.मा.वि.**

**१.व्यवस्थापन :**
Final Exam मा हुने कडा प्रतिस्पर्धामा विद्यार्थीहरुलाई competent बनाउन विभिन्न अतिरिक्त कक्षाहरु जस्तै Feedback, Supporting, Review, Superlearning तथा Google class र लेखनशिप विकास विद्यार्थीहरुलाई अनिवार्य लिनै पर्ने व्यवस्था गर्ने ।

**२.प्रशिक्षक :** शिक्षा मन्त्रालय, शिक्षा विभाग, पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, विभिन्न तालिम केन्द्र तथा विश्व विद्यालयहरुमा कार्यरत अनुभवि प्रशिक्षक, सल्लाहकार, विषयविज्ञ तथा पुस्तक लेखकहरुद्वारा कक्षा सञ्चालन गराइने ।

**३. कक्षा :** हरेक विद्यार्थीहरुको digital attendance हुने भएकोले विद्यार्थीहरुको उपस्थिति या अनुपस्थितिलाई चुस्त दुरुस्त रेकर्ड राखी कारणवश कक्षा/नोट/परीक्षा छुटेका विद्यार्थीहरुलाई सोही अनुरुपको व्यवस्था गरिदिने ।

**४. परीक्षा :** शैक्षिक सामान्य ज्ञानको परीक्षा दैनिक हुने ।

**कक्षाहरु : विहान ६:३० बजे र बेलुका ५ बजे**

VALLEY
Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509



कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेसः शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालयः निखासी टोलः कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

## सम्पादकीय

# कीर्तिपुर सन्देश साप्ताहिक

**आज भन्दा ५ बर्षअघिदेखि लगातर रुपमा प्रकाशित गर्दै आएको साप्ताहिक पत्रिका कीर्तिपुर सन्देश ६ औं बर्षमा प्रवेश भएको उपलक्ष्यमा सम्पूर्ण ग्रहाक, विज्ञापनदाता, स्तम्भकार देखि सबैमा बधाई तथा शुभकामना दिन चाहन्छु ।**

**नेपालमा नयाँ संविधान निर्माणका लागि पहलकदमि भइरहेको अवस्थामा आवाजविहिनहरुको आवाजको रुपमा नेपालका उत्पीडित आदिवासी जनजाति, मधेसीदेखि अन्य समुदायको आवाजलाई सम्वन्धित स्थानमा पुऱ्याउन र ती समुदायले उठाएका पहिचानको मुद्दालाई स्पष्ट पार्न साथै नेपालका सबै समुदायको साझा नेपाल भएको महसूस दिन कीर्तिपुर सन्देश साप्ताहिकले भूमिका खेल्दै आएको अवस्था छ ।**

**नेपालको ७६ औं जिल्लाको रुपमा परिचित कीर्तिपुर क्षेत्रमा प्रचार प्रसार गर्ने भनेको एक किसिमले नेपालभरी नै प्रचारप्रसार हुने अवस्था छ। कीर्तिपुर नगरमा ७५ जिल्लाका बौद्धिक ब्यक्तिहरु बसोवास गर्दै आएको अवस्था छ भने नेपालका उत्पीडित समुदायको कुरा कीर्तिपुर क्षेत्रमा प्रचार प्रसार गर्ने भनेको देशभरी नै प्रचार प्रसार गर्ने हुने कुरामा कसैको दुईमत हुदैन । मुलुकमा संविधान जारी भइसकेको अवस्थामा पहिचान, उत्पीडित समुदायको मुद्दा अझ बुझ्नुपर्ने आवश्यकता छ । अतः कीर्तिपुर सन्देश साप्ताहिकलाई निरन्तरता दिन तपाईहरु सबैको साथ रहने आशा गर्दछौं ।**

## विनोद



# सोभियत नेताका सन्तानहरुको नियति

-जिवा लामिछाने-

झट्ट सुन्दा अनौठो लाग्छ, तर जीवनमा कहिल्यै परिवार र सन्तानको चाहना नदेखाएका अत्यन्त सरल र त्यागी नेता सुशील कोइरालाको असामयिक निधनपछि नेपालको सबैभन्दा ठूलो र पुरानो पार्टी नेपाली काँग्रेसमा पारिवारिक विरासतको चर्चा सुरु भएको छ । तानाशाही शासकहरूले प्रायस् आफ्ना सन्तान र नजिकका आफन्तहरूलाई उनीहरूको योग्यता नभए पनि आफ्नो प्रभावका भरमा शासनको बागडोर सुम्पन वा आफ्नो उत्तर ाधिकारीको रुपमा स्थापित गर्ने प्रयास गरेको हामीले देखेका छौं । उत्तर कोरिया त्यसको ज्वलन्त उदहरण हो । 'संसारमै ठूलो' प्रजातन्त्रको दुहाई दिने भारतको राजनीतिमा वंश परम्पराको प्रभाव हामीले देखेकै छौं। प्रजातान्त्रिक शासन पद्धतिको अग्रणी मानिने अमेरिकामा समेत राष्ट्रपति र सिनेटमा निर्वाचित हुनका लागि पुर्ख्यौली बिरासतले काम गर्ने चलन छ। तर चरम अधिनायकवादको अभ्यास गरेको सोभियत संघका शीर्ष नेताहरू पारिवारिक बिरासतको मामलामा आश्चर्यजनक ढंगले अपवाद रहे। यस लेखमा सोभियत संघको उच्च नेतृत्वमा पुगेका केही व्यक्तिहरूका सन्तानहरू अहिले के गर्दैछन् र कहाँ बस्छन् भन्ने कुराको छोटो चर्चा गर्ने प्रयास गरिएको छ ।

**लेनिनः** सन्तानको विषयमा भ्लादिमिर लेनिनको इतिहास संक्षिप्त छ । लेनिन र नादेज्दा क्रुप्सकायाका कुनै सन्तान भएनन्। सन्तान नहुनुमा लेनिनको स्वास्थ्य समस्या प्रमुख कारक थियो भन्ने गरिन्छ ।

**स्टालिनः** जोशेफ स्टालिनकी छोरी स्वेतलाना अलिलुएभाको भारतीय कम्युनिस्ट नेता ब्रजेश सिंहसँग मस्कोमा उपचारका क्रममा रहँदा प्रेम सम्बन्ध गाँसिन गयो । उनीहरूसंगै बस्थे तर स्वेतलानालाई ब्रजेश सिंहसंग विवाह गर्ने अनुमति दिइएन। सन् १९६७ मा ब्रजेश सिंहको मस्कोमा निधन भएपछि उनको अस्तुलाई गंगामा सेलाउने बहानामा स्वेतलाना भारत गइन् र दिल्लीको अमेरिकी दुतावासमा राजनैतिक शरण लिन पुगिन् । सन् १९७० मा अमेरिकी नागरिकसंग बिबाह गरेपछि उनले आफ्नो थर र नाम समेत परिवर्तन गरेर 'लाना पिटर्स' राखेकी थिईन् । सन् २०११ मा अमेरिकामा नै उनको निधन भयो । स्वेतलाना अस्थिर मनस्थितिकी थिइन् । उनी सानै छँदा उनकी आमा नादेज्दा अलिलुयेभाले आत्महत्या गरेको घटनाले गर्दा उनको बालसुलभ मनोविज्ञानमा नराम्रो असर परेको थियो । पछि वयस्क हुँदै जाँदा आमाले आत्महत्या गरेको नभई स्टालिन स्वयंले उनको हत्या गरेको भन्ने हल्ला फैलन थालेपछि बाबुप्रति उनमा चरम घृणा र उपेक्षाभाव उत्पन्न भयो। उनले लेखेको पहिलो पुस्तक 'ट्वेन्टी लेटर्स टु अ फ्रेन्ड' त्यति बेला निक्कै चर्चित भयो। उनले १९८४ मा छोरी सहित मस्को फर्केर पुनः सोभियत नागरिकता ग्रहण गरेकी थिइन्, तर त्यहाँ पनि उनी स्थिर भएर रहन सकिनन् । कहिले क्याम्ब्रिज (बेलायत) त कहिले (जर्जिया) हुँदै अन्ततः सन् २०११ मा अमेरिकामा नै उनको निधन भयो । रुसी भाषा नजान्ने अमेरिका निवासी स्टालिनकी नातिनी क्रिस एभान्स अमेरिकाको पोर्टल्यान्ड सहरमा कपडा पसल चलाउँछिन् भन्ने समाचार पढिएको थियो। स्टालिनका जेठा छोरा याकोब जुगासभिली युद्धबन्दीका रुपमा रहँदा हिटलर ले लालसेनाको सामान्य अफिसर याकोबलाई नाजी फिल्डमार्शलसंग साट्ने प्रस्ताव गर्दा स्टालिनले त्यसलाई ठाडै अस्विकार गरे भनिन्छ । याकोबको ब्रान्डेन-बर्गस्थित ज्याक्सनहाउसेन नाजी कन्सन्ट्रेसन क्याम्पमा निधन भयो । अर्का छोरा भासिली जुगासभिली अल्कोहलको कुलतमा फसेका थिए। बाबुको मृत्युपछी सन् १९६२ मा ४० वर्षको उमेरमा जेलमा नै उनले मृत्युवरण गरे।

**खुस्चेभः** निकिता खुस्चेभका छोरा सेर्गेइ खुस्चेभ सन् १९९१ देखि रुसी नागरिकता त्यागेर अमेरिकामा बसोबास गर्छन्। मेरा मित्र जुगल भुर्तेलले केही वर्षअघि उनीसंग ब्राउन युनिभर्सिटीको कुनै विभागमा भेटेको प्रसंग सुनाएका थिए। खुस्चेभकी नातिनी निना खुस्चेभाले केही समय कोलम्बिया विश्वविद्यालयमा प्राध्यापन गरेकी थिईन् । हाल उनी न्युयोर्क विश्वविद्यालयको अन्तराष्ट्रिय विभागमा प्राध्यापन गर्छिन् र विभिन्न पत्रपत्रिकामा रुसका बारेमा लेखिरहन्छिन् ।

**ब्रेझनेभः** लियोनिद ब्रेजनेभलाई पनि सन्तानका तर्फबाट कुनै सुख प्राप्त भएन। उनका छोरा युरी ब्रेजनेभलाई बाबुको मृत्युपछि वैदेशिक व्यापार मन्त्रालयमा सहायकमन्त्री हुँदा भ्रस्टाचार गरेको अभियोग लागेको थियो। गुमनाम जीवन बिताउदै सन् २०१३ मा उनको निधन भयो। ब्रेझनेभका पनाती दमित्री अक्सोफोर्ड विश्वविद्यालयमा अध्ययन गर्छन्। ब्रेजनेभकी छोरी गालिना ब्रेज़नेभालाई सोभियत संघबाट ठूलो मात्रामा हीरा तस्करी गरेको अभियोग लागेको थियो। महंगा लुगाकपडा, गहना र पुरुषहरू उनका कमजोरीहरू मानिन्थे । छोरीको विलाशी जीवनशैली र आदतबाट ब्रेझनेभ आजित भइसकेका थिए। जीवनको उत्तरार्धमा गालिना अल्कोहलको चरम कुलतमा फसेकी थिईन्। मानसिक अस्पतालमा उपचारकै क्रममा सन् १९९८ मा उनको निधन भयो ।

**आन्द्रोपोभः** युरी आन्द्रोपोभकी प्रथम पत्नीतर्फका छोरा भ्लादिमिर आन्द्रोपोभ चोरीको आरोपमा २ पटक जेल परेका थिए। ३५ बर्षको उमेरमा उनको मृत्यु भयो। युरी आन्द्रोपोभकी नातीनी तात्याना अमेरिकाको मायामी सहरमा नृत्यसम्बन्धी विषयमा अध्यापन कार्यमा संलग्न छिन्। उनका भाइ कन्स्तानटिन पनि मायामीमै बस्छन् ।

**चेर्नेन्को :** सोभियत कम्युनिस्ट पार्टीका पाचौं महासचिव कन्सान्टिन चेर्नेन्कोका छोरा अल्बर्ट चेर्नेन्को एक समाजशास्त्री थिए। आफ्नो करियरको पूर्वार्धमा तोम्स्क प्रान्तीय राज्यको कम्प्युनिस्ट पार्टी संगठनमा सहायकका रुपमा केही समय काम गरे पनि उनी बढी जसो अध्ययन-अध्यापनमा नै सक्रिय रहे । तोम्स्क राजकीय विश्वविद्यालयमा विभागीय प्रमुखका रुपमा लामो समय सक्रिय रहँदै सन् २००९ मा उनको निधन भएको थियो ।

**गोर्बाच्योभः** अन्तिम सोभियत राष्ट्रपति मिखाइल गोर्बाच्योभकी छोरी ईरिना भिर्गान्स्काया सन्फ्रान्सिसको, अमेरिकामा आफ्ना पिताको नाममा रहेको 'गोर्बच्योभ फन्ड' चलाउँछिन् भने गोर्बच्योभकी नातिनी सेनिया पिर्चेन्को हाल जर्मनीमा बस्छिन्।

अन्य नेताहरू: सोभियत कम्युनिस्ट पार्टीका महासचिबका सन्तानहरू मात्रै नभएर त्यति बेलाका अन्य शीर्ष नेताका सन्तानहरू समेत अहिले पश्चिमी मुलुकमा स्थायी रुपमा बसेका छन्। सोभियत कम्युनिस्ट पार्टीका पोलिटब्युरो सदस्य र लामो समयसम्म पार्टीका मुख्य योजनाकार मानिने मिखाइल सुस्लोभकी छोरी माईया मिखाईलोभ्ना आफ्ना पति र दुई छोराका साथमा विगत २५ बर्षदेखि स्थायी रुपले अस्ट्रियामा घरजम गरेर बसेकी छन् । आफ्ना पिताहरूको सपनाको संसारमा नबसेर अमेरिकातिर पलायन हुने प्रचलन सोभियत नेताका सन्तानहरूमा मात्रै सिमित रहेन । अन्य साम्यवादी मुलुकका नेताका सन्तानहरूमा पनि यो चलन कायमै रह्यो । उदाहरणस्वरूप क्युबाका राष्ट्रपति फिडेल क्यास्ट्रोकी छोरी अलिना फेर्नान्डेस अमेरिका पलायन भईन्। त्यहीं बसेर उनले आफ्ना पिताको स्वप्न देशको उछित्तो काडिरहेकी छिन् । सोभियत नेताहरूले जनताहरूलाई बाड्ने गरेको सबैभन्दा ठुलो सपना थियो – उज्ज्वल साम्यवादी भविष्यको निर्माण । निकिता खुस्चेबले सोभियत कम्युनिस्ट पार्टी महासचिवको हैसियतले पार्टीको बाइसौं महाधिवेशनमा प्रतिवेदन पेश गर्दै भनेका थिए- 'वर्तमान सोभियत पुस्ताले साम्यवादी समाजमा जीवनयापन गर्ने छ'। यसैगरी सबै कम्युनिस्ट नेताहरूले भन्ने गरेका थिए -'हामी उति गतिलो जीवन बिताइरहेका छैनौं, तर हाम्रा सन्ततिहरू साम्यवादमा बाँच्नेछन् अर्थात् भौतिक सुखसमृद्धिको उच्चस्तरीय जीवनको उपभोग गर्नेछन्'। सोभियत नेताहरूले देखेको साम्यवादी देशको सपना पुरा नहुँदै चरम आर्थिक संकटको सिकार भएर सन् १९९१ मा सोभियत संघ बिघटन हुनपुग्यो। सोभियत संघमा साम्यवादी व्यबस्थाको अन्त्य भए पनि अल्बर्ट चेर्नेन्को बाहेक अन्य सोभियत नेताका सन्तानहरूले आफ्ना बाबुका सपना अझै पुरा हुने सम्भावना भएका साम्यवादी मुलुकहरू चीन, उत्तर कोरिया र क्युबाजस्ता देशहरूतिर पलायन हुन मन पराएनन्। धेरै जसो आश्चर्यजनक ढंगले दुश्मनु घोषित गरिएको अमेरिका तिरै हानिए।

बीसौं शताब्दीको बीचको ७० वर्षसम्म विश्वको सबैभन्दा विशाल देशको सर्वेसर्वा भई सोभियत नेताहरूले सबै जनतालाई एउटा स्वप्निल संसारतर्फ डोहोऱ्याउने प्रयास गरेका थिए, समान सामाजिक प्रतिष्ठा र अधिकार, आफ्नो र संतानको सुनिश्चित भविष्य, पूर्ण मानव अधिकार सहितको सुखी जीवन र संसारैभरि साम्यवादी समाजको स्थापना गर्ने ।

तर सोभियत सत्तामा सबै उल्टो भयो कम्युनिष्ट पार्टीको चरम ब्युरोक्रेसी, पार्टीको उच्च तहमा साम्यवाद र आम जनताको तहमा शोषण र दमन। तरपनि आम रुपमा के देखिन्छ भने लेनिनदेखि गोर्बाच्योभसम्म सबै सोभियत नेताहरू अत्यन्त शक्तिशाली हुँदाहुँदै पनि सन्तानलाई पद र प्रतिष्ठा दिलाउने कुरामा बाँकी विश्वका धेरै देशका नेताहरू भन्दा विपरित देखिए। पार्टीभित्र नजिकका कमरेडसंग नजिक वा टाढा हुनु स्वाभाविक हो,तर कुनै पनि सोभियत नेताहरूले आफ्ना सन्तानहरूलाई उनीहरूको क्षमताभन्दा बढी जिम्मेवारी दिएर राजनीतिमा वा राज्य संरचनाको उच्च पदमा स्थापित गराउने प्रयास गरेनन्, जुन उनीहरूले चाहेका भए सहजै गराउन सक्थे। तर ईतिहासको बिडम्बना नै मान्नु पर्छ सोभियत शीर्ष नेतृत्वमा रहेका कतिपय व्यक्तिका सन्तानहरू सोभियत सत्ताले साम्राज्यबादी भन्दै दुत्कार्ने गरेका तिनै पुंजीबादी मुलुकमा आफ्ना पिताहरूका सबै सपना पुरा हुने विश्वास गरेर अहिले पलायन भएर बसेका छन् । यो सायद अर्को र माइलो बहसको विषय हुन सक्छ । (फेसबुकवाट)

# बचत आजको आवश्यकता

## विश्वसनियताको एउटै थलो

निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

त:गवपि कीर्तिपुर, फोन: ४३३२८८१

कुनै पनि ब्राण्डको इलेक्ट्रोनिक्स सामान तथा मोबाइल खरिद बिक्रिको लागि





## मोबाईल निकुञ्ज ट्रेडर्स

कीर्तिपुर-१७, नगाउँ दोवाटो

सम्पर्क नं. ०१४३३३२५७

# खेलले जगाई दिन्छ राष्ट्रिय भावना



–नविन महर्जन–

गत महिना विश्व फुटवलका दुई ठुला प्रतियोगिताहरु सम्पन्न भए । जस्मा एउटा हो कोपा अमेरिकन फुटवल र अर्को युरोकप फुटवल ।

यी दुई प्रतियोगिता हरुले ठुलै सन्देश दिएर गएको छ । विश्व चर्चित खेलाडिहरु वास्तवमा आफनो राष्ट्रप्रति कति भावुक हुन्छन् भन्ने कुरा यी प्रतियोगिताहरुले देखाएको छ। स्टार खेलाडिहरु एवं अन्य उदयमान खेलाडिहरुको साँचो अर्थमा उनीहरुको महत्व क्लब खेलकुद प्रतियोगिताले होइन आफनो मातृभूमि अर्थात् राष्ट्रको प्रतिनिधित्व गर्दा हुन्छन् भन्ने कुरा यो प्रतियोगिताले देखाएको छ ।

सम्पूर्ण खेलप्रेमीहरुलाई थाहा छ लियोनल मेसि विश्वस्तरको एक महान खेलाडि हो । अर्जेन्टिनाका जनता मात्र होइन विश्वका सबैले नियाली राखेको थियो । उसको क्षमतामा कसैलाई शंका छैन । तर जब फाइनलमा पेनाल्टी हिर्काउँदा गोलमा परिनत भएन त्यसपछि ठूलो शक मेसीलाई नै पऱ्यो । उनी कति भावुक भयो भन्ने कुरा प्रत्यक्ष ग्राउण्डमा होस या टि.भीमा हेर्ने सबैले अनुभव गरेको कुरा हो ।

उसले त्यो फाइनलको हार पछि संन्यास लिने समेत घोषणा गऱ्यो जसले सबै फुटवल प्रेमी स्तब्ध भएको छ। खेलमा हार जित अवश्य हुन्छ तर जब आफ्नो राष्ट्रको प्रतिनिधित्व गर्दै सहभागिता हुँदा कति जिम्मेवारी लिँदोरहेछ भन्ने यो ज्वलन्त उदाहरण हो ।

नोभेम्बर २०१५ मा पेरिसका विभिन्न स्थानमा आतंकवादी आक्रमण हुँदा स्टार डे फ्रान्समा जर्मनी र फ्रान्स बीच मैत्रीपूर्ण खेल भैराखेको थियो । जुन घटनामा १३० जना जनाले ज्यान गुमाएका थिए। जसलाई मल्हम लगाउने हिसाबले यो युरोकप-२०१६ को आयोजनाको साथै प्रदर्शन समेत फ्रान्सले निकै राम्रो गरेको थियो ।

अझ फाइनल खेल त्यही आतंकवादी आक्रमणलाई विर्सिने हिसाबले फाइनल समेत त्यही रंगशालामा खेलाएको थियो । तर दुर्भाग्यवश अन्तिमतिर पोर्चुगलका एडरले गोल गर्दै फ्रान्सको चित्तलाई पूर्ण विराम लगाई दियो । आफ्नो राष्ट्रको साखलाई जोगाउन फ्रान्सले ९० हजार सुरक्षाकर्मि परिचालन गरी खेल आयोजना भव्य रुपमा सफल पाऱ्यो ।

तर दुर्भाग्यवस गत साता युरोकपको सरगर्मि सेलाउन नपाउँदै आफ्नो राष्ट्रको उल्लास पूर्ण समारोह मनाईरहेको भीडमा गाडी हुत्याई ८४ जनाको ज्यान लिएको घटनाले सम्पूर्ण विश्व्यापी खेलप्रेमी तथा आम मानिसलाई शोकाकुल बनाई दिएको छ। मानव माथी मानव यस्तो तल्लो स्तरको व्यवस्था किन गर्दछ भनेर चिन्ता जगाएको छ। यसपालीको युरो कप पोर्चुगलले हात पारेको छ । पोर्चुगलको कप्तान रोनाल्डो जुन रियल म्याड्रिडका प्रमुख खेलाडी हुन् उनले विजयको अल्याख स्वाद चाखिसकेको छ । तर आफ्नो देशले पहिलो पल्ट ठूलो प्रतियोगितामा च्याम्पियनशीप बनाउन पाएपछि उनको हर्षको सीमा रहेन । उसको आँखाबाट आँसु थामिएन । जुन दृश्यले सबैको मन छोएको थियो। अझ फाइनल खेलको पहिलो हाफमै घाईटे भ खेल मैदानबाट बाहिरिनु पर्दा रोनाल्डो लगायत विश फुटवल प्रेमीहरु स्तब्ध भएका थिए । जसले यो साबित गर्दछ व्यावसायिक खेल जीवनमा पनि यदि आफ्नै राष्ट्रबाट प्रतिनिधित्व गर्दा त्यसको महत्व कति हुन्छ भनेर देखाउँछ ।

हाम्रो नेपालमा पनि फुटवल क्रिकेट, बास्केटवल, भलिबल र दर्शकहरु आफ्नो राष्ट्रियता प्रति ऐक्यबद्धता देखाएको हामी पाउँछौं। तसर्थ खेलकुदा यस्तो क्षेत्र हो जस्ले सबैलाई एकै ठाउँमा राखी प्रेमपूर्वक बाँच्न सिकाउँछ ।

# अनुशिक्षण कार्यक्रम सम्पन्न

गत आषाढ २८ र २९ गते पाँगा उच्च मा.वि.मा दुई दिने अनुशिक्षण कार्यक्रम सम्पन्न भयो । पहिलो दिन विद्यार्थीहरुलाई मनोसामाजिक समस्या र समाधान बारे बाल हेल्पलाईनका परामर्शदाता हिरादेवी खतिवडाले अनुशिक्षण दिइएको थियो ।

त्यस्तै दोस्रो दिन विभिन्न विद्यालयका शिक्षकहरु र अभिभावकहरु बीच भूकम्प पछिको अवस्थामा बालबालिकाका मनोसामाजिक संजालहरु र अनुशासनका नाममा उनीहरुलाई दिने दण्ड सजायका विषयमा अनुशिक्षण कार्यक्रम सम्पन्न गरियो । नेपाल सरकार महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, NACG नेपाल, नेपाल मानव अधिकार संगठन कीर्तिपुर शाखा, बौद्धिक तथा बहुअपांग अभिभावक संघ कीर्तिपुर र सिविन नेपालको संयुक्त आयोजनामा सम्पन्न भएको हो ।

उक्त कार्यक्रमहरुको पहिलो दिन बालबालिकासँग मनोसामाजिक समस्या र समाधान बारे छलफल गरियो भने दोस्रो दिन विभिन्न विद्यालयका शिक्षक अभिभावक बीच बालबालिकाहरुको लागि मनोवैज्ञानिक शिक्षा दिनुपर्छ उनीहरुको बाल मनोभावलाई बुझ्ने र त्यसलाई कदर गरेर अध्यापन गर्नुपर्दछ। यहि कहिं, कतै, कसैले पनि बालबालिकालाई कुनै पनि प्रकृतिको शारिरीक वा मानसिक दण्ड सजाय दिन पाईंदैन । यस्तो सजाय दिने व्यक्तिलाई एक वर्षसम्म कैद र पाँचहजार रुपैयासम्म जरिवाना गरी पिडीतलाई क्षतिपूर्ति समेत दिलाईदिने व्यवस्था सर्वोच्च अदालतले दिएका कानूनबारे एसओएस जोरपातीका निर्देशक रबिन नेपालीले सचेत गराउनु भयो ।

कार्यक्रमका सहभागीहरुले कार्यक्रम लाभदायी र समसामयिक भएको प्रतिक्रिया जनाउँदै यस्ता कार्यक्रमहरु व्यापक रुपमा सञ्चालन हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा कीनपाका ज्ञानबज्र महर्जन, ने.मा.अ.सं.कीर्तिपुरका अध्यक्ष शोभा महर्जन, सचिव बच्चुराम दाहाल, बौद्धिक तथा अभिभावक संघका अध्यक्ष लक्ष्मी काफ्ले, सिनियर प्रवक्ता कुमार भट्टराई, पाँगा उ.मा.वि.का निर्देशक रमेश महर्जन, प्रधानाध्यापक श्याम सुन्दर महर्जन लगायको उपस्थिति रहेका थिए ।

जनसेवा उच्च माध्यमिक विद्यालय
पाँगा, काठमाडौं



Management
Education
Huminities
BBS
JC Campus
ADMISSION OPEN FOR XI

## सूचना ! सूचना !! सूचना !!!

आर्थिक बर्ष २०७३/०७४ को स्वास्थ्य विमा कार्यक्रम नविकरण तथा नयाँ विमा सदस्यको कार्य भइरहेको हुँदा सम्पूर्ण सदस्य महानुभावहरुलाई २०७३/४/१ गते देखि १५ गते भित्रमा नविकरण तथा नयाँ विमा सदस्य बन्नुहुन हार्दिक अनुरोध छ ।

**विकल्प सहकारी सं. लि.**

नयाँ बजार कीर्तिपुर –१७
फोन नं. ४३३३७८४

# कीर्तिपुर नगरपालिकाको एउटै मञ्चबाट ३ वटा घोषणा





**कीर्तिपुर सन्देश**

तत्कालिन ८ वटा गा.वि.स.लाई मिलाएर १९ वडा सहितको कीर्तिपुर नगरपालिका २०५३ साल चैत्र १४ गते घोषणा भएको थियो ।

नगरपालिका घोषणा भएर ५ वर्षमात्र जनप्रतिनिधिहरुले प्रतिनिधित्व गर्न पाएका थिए ।

स्थानिय निकायमा जनप्रतिनिधि विहिन भएको १४ वर्षमा कीर्तिपुर नगर पालिकाले गत असार ३१ गते भब्य कार्यक्रम गरी एकैचोटि ३ वटा घोषणा गरियो ।

असार ३१ गते नगाउँस्थित बाघभैरव बैंक्वेटमा भएको घोषणा सभामा प्रमुख अतिथि काठमाडौं जिल्ला क्षेत्र नं.१० का सभास राजेन्द्र कुमार के.सी.ले गमलामा रोपिराखेको विरुवामा पानी हालेर र घोषणा सभाको ब्यानर खोलेर कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

कीर्तिपुर नगरपालिकालाई पूर्ण सर सफाई युक्त नगरपालिका बनाउने प्रतिबद्धता सहित खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्न खानेपानी क्षेत्रीय अनुगमन तथा सुपरीवेक्षण कार्यालयले सहयोग गरेको हो भने पूर्ण स्वस्थ नगरपालिका बनाउने प्रतिवद्धता सहित पूर्ण खोपयुक्त नगर घोषणा गर्न जिल्ला जनस्वास्थ्य कार्यालयले सहयोग गरेको थियो ।

पूर्ण शिक्षित नगरपालिका प्रतिवद्धता सहित पूर्ण साक्षर घोषणा गरिएको थियो ।

पूर्ण साक्षर घोषणा गर्नु अघि विगत चार पाँच वर्ष पहिलेदेखि नै जिल्ला शिक्षा कार्यालय काठमाडौंको सहयोग प्रौढ साक्षर अभियान चलाउँदै आएको थियो । कीर्तिपुरवासीले खचाखच भरिएको उक्त घोषणा सभामा सांसद राजेन्द्र के.सी.ले सबैलाई प्रतिवद्धता व्यक्त गर्न लगाउँदै घोषणा गर्नु भएको थियो । साक्षरताको लागि उमेर समूह १५ वर्षदेखि ६० वर्षसम्मलाई आधार मानिएको छ । त्यस्तै दिशामुक्त क्षेत्र घोषणा गर्नको लागि घरमा चर्पि नभएका अति विपन्न वर्गको लागि नगरपालिकाले नै चर्पि बनाई दिएका थिए । त्यस्तै खोपयुक्त घोषणा गर्न स्वास्थ्य स्वयंसेविका लगायत जिल्ला स्वास्थ्य कार्यालयले सुपरिवेक्षण सहयोग गरेका थिए ।

# ज्येष्ठ नागरिक समाजले गुरु पूर्णिमा मनायो

**कीर्तिपुर सन्देश**

नव गठित ज्येष्ठ नागरिक समाज की.न.पा.१७ ले साउन ४ गते गुरु पूर्णिमाको अवसरमा बुद्ध पुजा र शिब महादेवको प्रतिमा सहित पुजा गरियो ।

समाजका अध्यक्ष नीलकण्ठ अमात्यको अध्यक्षतामा पूर्व सभासद एवं पूर्व राज्यमन्त्री दिलिप महर्जन लगायतले गुरुपूर्णिमाको महिमा बारे चर्चा गर्नुभयो ।

उक्त सभामा दिलिप महर्जनले बुद्धको शिक्षा आफूले पाएका अधिकार जेष्ठ नागरिकले ग्रहण गर्नु पनि राम्रो हो । यसैलाई बुद्धले अधिकारको पालना गर्नु पर्छ भनेका थिए भन्नुभयो ।

यस्तै स्वास्थ्य विशेषज्ञ हिराबहादुर महर्जनले गुरुपूर्णिमाको महत्व बारे चर्चा गर्नुभयो ।

संघरत्न शाक्यले विपस्यना ध्यानको चर्चा गर्नुभयो । यस्तै टिकाराम महर्जनले गुरु भनेकै तीन नेत्र हुन कुनै सांस्कृतिक नाचगानमा सिकाईने नासःद्य भनेर चिनिन्छ भनि गुरुपुजाको महिमा बारे चर्चा गर्नुभयो ।

साथै संस्थाका सचिव बाबुराम महर्जनले उद्घोष गर्नुको साथ बुद्धले गुरुपूर्णीमा दिन वर्षाबासको सुरुवात गनुभएको र अधिष्ठान ग्रहण गर्नु भएको भन्नुभयो ।

"न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा, SS College को प्रतिवद्धता"

Admission Open

Hurry Up ! Hurry Up !!



+2 Management Humanities Education

English + Nepali Medium

Special Scholarship on 25th Anniversary (SILVER JUBILEE)

BBS,BA/BSW

First & Best Community College of Kirtipur

For Further Details Contact:

Shahid Smarak College

Nayabazar, Kirtipur Entrance Gate

Phone No. 01-4333937/ 01-4330279

# पुरुषार्थ



–डा.सोनेलाल शाह–

पुरूष भनेको शरीरलाई धारण गर्नेवाला र पुरूषार्थ भनेको शरीरलाई धारण गर्नुको प्रयोजन । यस बारेमा विभिन्न मतका विद्वानहरुको आ(आफ्नै दृष्टिकोण मान्ताका आकांक्षा अनुसार का फरक फरक सिद्धान्त एवं परिभाषा पनि हुन सक्छ । तथापि यस सम्बन्धमा पूर्वीय आर्यदर्शन अनुसार वेदान्त विचारमा आधारित मान्यताका अनुयायीहरुका प्रतिपादित सिद्धान्तमा अनुगत रहेर चर्चा परिचर्चा गरी आएका छन् । तसर्थ मनुष्य जीवनको सार्थकता सिद्ध गर्ने लक्ष्यअनुरुपको पुरुषार्थको विषयमा पूर्वजहरुबाट तया भई हामी माफ छाडी गएको विचार धारा तथा हामीले विश्वास गरी आएका मान्यतालाई नै स्वीकार गरी विवेचना गरी हाम्रै माफ पुनरावृत्तिको प्रयास गरिन लागिएको छ ।

पुरुषार्थलाई चार भागमा विभाजन गरेको पाइएको छ । त्यही चार पुरुषार्थलाई चार वर्णले प्रयोजनमा ल्याउने व्यवस्था पनि छ। यसरी चार पुरुषार्थलाई चार वर्णले चारै आश्रमको समय सापेक्ष साधनाक्रम पनि वताइएको छ। जन्देखि मृत्युसम्म र मृत्युपश्चात अमरत्व प्राप्तिसम्मको निरन्तर क्रमगतिलाई यथोचित उपयोग व्यवस्थापन निमित्त नै परापूर्वजहरुले यस प्रकारको चार पुरुषार्थ निर्धारण गरेका हुन्, जसबाट बाह्य सृष्टि र अन्तर्दृष्टिसम्मको संरक्षणमा विशेष भूमिका निर्वाह हुने गरेको पनि यथार्थ सत्य नं छ । यी पुरुषार्थ हुन्( धर्म, अर्थ, काम र मोक्ष । यी साधनहरुमा मोक्ष बाहेक अन्य तीनवटा चक्रगतरुपमा परिक्रमित भएका हुन्छन् । जस्तो धर्मबाट अर्थ हुन्छ, अर्थबाट काम, कामबाट फेरि अर्थ उत्पन्न नै अर्थबाट धर्म। यी तीन साधन सम्पादित भैसकेपछि त्यसको निवृत्तिमा मोक्षको स्थान आउँछ। यसकारण धर्म, अर्थ र काम यी तीनलाई पुरुषार्थ मात्रको संज्ञा दिई “मोक्ष” लाई भने उपल्लो साधनको रुपमा लिई “परम पुरुषार्थ” भनेर वेदान्त विश्लेषकहरुले बताइका छन्।

धर्म अर्थ र काम तीन पुरुषार्थ साध्य गर्ने साधन आ(आफ्नै प्रकारको विभिन्न हुन सक्तछन् र यसबाट पनि आनन्द नै प्राप्त हुन्छ । तर क्षणिक, जसमा दुःख पनि आन्तर्निहित दबिएर रहेको हुन्छ। पर म पुखानुभूतिको अखण्ड आनन्द दिलाउने एकमात्र गति (जो गन्तव्यको आखिरी बिन्दु) मोक्ष हो भनेर शास्त्रहरुबाट बताइएको छ भनी विद्वतवर्गहरुले व्याख्यान गरेका छन् । मोक्षको साधन एकमा ब्रह्मज्ञान लिइएको छ। यसक्रममा सबै पुरुषार्थ सबै वर्णका लागि अपरिहार्य छ तापनि विशेष भूमिकाबाट अत्यधिक रुपमा शुद्रले काम, वैश्यले अर्थ, क्षत्रियले धर्म र ब्राम्हणले मोक्षको साधना गरिने प्रावधान राखिएको छ। मोक्ष प्राप्तिको साधन ब्रम्हज्ञान हुनाले “ब्रम्ह जानाति ब्राम्हण” भन्ने सिद्धान्त पनि प्रतिपादित गरिएको पाइन्छ ।

यसमा के पनि बताइन्छ भने ब्रम्हज्ञानको अभ्यास बिना मोक्ष र मोक्षको अनुभूति बिना ब्रम्हज्ञान प्राप्त हुन सक्दैन । तसर्थ यो पुरुषार्थ अरु तीनवटाभन्दा कठिन र दुर्लभ पनि बताइन्छ। मोक्ष परमआनन्दको नित्य, शुद्ध र बृद्ध अवस्था हो। जसलाई सबैले चाहना गरिरहेकै हुन्छन्। यो पनि सत्य हो कि आनन्द नचाहने जीव कुनचाहिं हुन सक्ला र  पाउनु, नपाउनु भने अलग्गै हो ।

मोक्ष पनि चार प्रकारको बताइएको छ। मुक्त अवस्थाका भेदले तर ती सबै आनन्दस्वरुप हुँदा एउट सम्झदै छ। केही फरक छैन ।

यहाँ अरु साधनको दुई(दुई वृत्ति छन्। एउटा प्रवृत्ति र अर्को निवृत्ति । मोक्ष दुवै वृत्तिबाट भिन्न अलग हो। कामका दुई वृत्ति(कामवासना (भोग विलास) विभिन्न प्रकारबाट सम्पादन हुने काम्य कर्महरु र निष्कामनापूर्वक शास्त्र विदित शुभकर्महरु। धर्मका दुई वृत्ति(शरीर, मन, बचनद्वारा वा लक्षणद्वारा स्वभावैले वर्तने सामान्य र विशेष धर्महरु र निश्चयका साथ व्रत, तप, योग आदिको माध्यमबाट जीवन्तता निमित्त नियमबद्ध धारण गर्ने धर्म । अर्थका दुई वृत्ति( असल प्रयातबाट धन उपार्जन गरी अनुचित रुपबाट उपयोग गरी, शास्त्रादि वाक्यांशलाई मनगढन्ते ढंगबाट परिभाषित र्नु र सतप्रयासबाट आर्जन गरिएको धन उचितरुपमा प्रयोग गरी शास्त्रीय वाणीहरुलाई चिन्तन, मनन, श्रवण, सतसंगतका माध्यमबाट जस्ताको तस्तै बुझ्ने( बुझाउने प्रयत्न गर्नु ।

यहाँ मोक्ष, मोक्षको साधन ज्ञानका बारेमा प्रसंग अघि बढीरहेको हुँदा यसै पुरुषार्थ विशेष सन्दर्भमा खोजविन गरौं। मोक्ष भनेको के हो ? भनिएको छ( मोक्ष भनेको परम आनन्द हो। कस्तो आनन्द ? संसारको बीजरुप अविद्याबाट हुने नानाप्रकारका दुःखको निवारण हुनु । कसरी पाइन्छ ? ब्रम्ह ज्ञानबाट । ब्रम्हज्ञान के हो ? ब्रम्हको स्वरुप जस्ताको तस्तै ज्ञान हुनु ( पूर्वतवरबाट ब्रम्ह साक्षात्कार हुनु) ब्रम्ह भनेको के हो ? व्यापक तवरबाट सबैका हुदयाकांशमा रही ‘अहं’ अर्थात् म भन्ने रुपले (मावत्ने) प्रतिति भइरहेको नित्य प्राप्त आत्मा, जो अहं अस्मि म छु भनिरहेको छ, त्यही नै ब्रम्ह हो। म छु, म हुँ त जोसुकैले जुनबेला पनि भनिरहेकै हुन्छन् नि त। त्यही हो तं ब्रम्ह ? अहँ त्यो होइन । देहमा, इन्द्रियमा म छु, हुँ भन्ने भाव प्रतीति हुनु ब्रम्ह साक्षात्यकार होइन, अध्यास (भ्रम) मात्र हो अर्थात् प्रवृत्ति हो । देह इन्द्रिय म होइन तर मेरो हो भन्ने भाव पनि ब्रम्हसाक्षात्कार होइन, निवृत्तिको प्रारम्भिक अवस्थामात्र हो। शरीर, इन्द्रिय पनि मेरो होइन, शरीर इन्द्रिय आदि ।

अवयवहरुभन्दा पृथक(सत्, चित् आनन्द, नित्य, शुद्ध, बुद्ध र मुक्त स्वभावस्वरुप आत्मालाई म हुँ भनी जान्नु नै ब्रम्हज्ञान हो जो पूर्ण निबृत्तिको अवस्थामा मात्र प्राप्त हुन सक्दछ । यहाँ सोचनीय कुरा यो पनि छ कि कुनै पदार्थ जवर्जस्त त्याग गर्दैमा निवृत्ति रकुनै पदार्थ अनयास प्राप्त भएमा प्रवृत्ति पनि भन्न मिल्दैन। त्यो वियोग र संयोग मान हो ।

जुन तत्वबाट यो समष्टिगत संसारलगायत व्यक्तिगत जीवजीवात्मा आदि पदार्थ उत्पत्ति भई स्थितिपूर्वक रहेको छ र यो नहुँदा जुन तत्वमा लीन हुन जान्छ त्यो तत्व नै ब्रम्ह अर्थात् ल्केश(विकाररहित शुद्ध मुक्त म आफू आत्मा हो र यसैलाई जान्नु र्आत आफूले आफूलाई राम्रोसंग जानेर तदनुरुप सम्पूर्ण जगतलाई एकैसाथ जान्नु नै ब्रम्हज्ञान हो । विज्ञ पूर्वजहरुको यही उपदेश रही यसैलाई अभ्यासमा उतार्नु साक्षात्कार हो। काम्यकर्मबाट प्रारम्भ भएको नित्यनैमितिक कर्मसंस्कारहरुलाई बाघ गर्दै गर्दै निष्काम कर्मद्वारा चित्त शुद्ध हुँदै जाँदा ज्ञानको उदय भए निषि पछि मोक्षावस्थामा परिणत हुनमा पनि २ प्रकारको विद्या बताइएको छ ।

१) परोक्ष (अप्रत्यक्ष) ब्रम्हज्ञान र २) अपरोक्ष (प्रत्यक्षं ब्रम्हज्ञान ।

यो कसरी हुन्छ ? बताइए बमोजिम परोक्ष ब्रम्हज्ञान  माने ब्रम्हको विषयमा ज्ञान हुनु तर पूर्ण अभ्यस्त नहुनाले साक्षात्कार हुन नसक्नु। जस्तो स्वरुप ब्रम्ह जो हो ऊ नाम, रुपरहित सत्, चित्, आनन्दस्वरुप ल्केशरहित आफूभन्दा भिन्न शुद्ध, बुद्ध र मुक्त हुनाले म ब्रम्ह होइन। म नामरुपकला देहधारी जीवात्मा असत्, अचित्, दुःख भोग्नेवाला पराधीनबद्ध भएका कारण परमात्मा होइन । त्यो परमात्मा म आफूभन्दा फरक छ भनी जो बोध हुन्छ, यही नै परोक्ष ब्रम्हज्ञान हो। अब अपरोक्ष ब्रम्हज्ञान भनेको क्षेत्रिय ब्रम्हनिष्ठ सत्गुरुदेवका मुखारबिन्दबाट तत्वमसि आदि बेदान्त महाकाव्यको श्रवण गरी साक्षात्कार हुनु अर्थात् ब्रम्ह म नै हुँ ‘अहं ब्रम्ह’ ‘प्रज्ञानं ब्रम्ह’ ‘अर्थ ब्रम्ह’ ‘ब्रम्हास्मि’ को भावपूर्वक मभन्द भिन्न अर्को ब्रम्ह छैन भन्ने जो भासबोध हुन्छ, त्यसैलाई अपरोक्ष ब्रम्हज्ञान भनी बताइएको छ ।

अपरोक्ष (प्रत्यक्ष) ब्रम्हज्ञान पनि निश्चय हुनु र नहुनुको भेदले  २ प्रकारको हुन्छ । १) अदृढ (निश्चय नहुनु) र २) दृढ (निश्चय हुनु) अदृढ प्रत्यक्ष ब्रम्हज्ञान कस्तो हुन्छ ? ब्रम्हको पूर्ण तवरबाट साक्षात्कार हुन नदिने अज्ञान जसलाई आवरण उपाधि भनिन्छ त्यो विद्यमानलगायत विक्षेय उपाधि अहन्ता, ममता, अहंकर्ता, अहं भोक्ता आदि कार्यरुप व्यवहार नाश नभएको अवस्थामा ब्रम्ह सत् छ, म असत् छु, ब्रम्ह, चित्त छु, म अल्पज्ञ छु, ब्रम्ह आनन्दस्वरुप छ, म दुःखी नामरुपवाला छु, ब्रम्ह नित्य अपरिच्छिन र व्यापक छ, म अनित्य, परिच्छिन्न र व्यक्तिगत एवं सीमित छु, यसर्थ म कसरी ब्रम्ह हुन सक्दछु र ? भन्ने संशययुक्त असम्भावनाको कारण म ब्रम्ह होइन, म भन्दा भिन्न, म हुनु र हुनुको आधार आश्रय ब्रम्ह भिन्न छ आदि विपरीत भावनासहितको आत्मज्ञान जो हो, त्यसैलाई अदृढ अपरोक्ष ब्रम्हज्ञान भनिन्छ ।

अब दृढ अपरोक्ष ब्रम्हज्ञान भन्नाले के बुझिन्छ ? असम्भावना र विपरीत भावनारहित अहन्ता ( मभन्ने भावना), ममता आदि) । अहंकर्ता ( मैले गरेको अर्थात् म गर्नेवाला) अहं मोक्ता ( म यो सबै प्रकारको दुःख सुखलाई भोग्नेवाला) होइन। देह, घर, पुत्र, धनदौलत आदि सुख(दुःखरुप अनुभूतिलाई निषेध हुँदा जो बाँकी र हने “शेष तत्व” निष्क्रिय शुद्ध म जो हुँ, म न त गर्नेवाला हुँ, न त भोग्नेवाला हुँ, त्यो त प्रकृतिको संयोगले मात्र अभ्यास हुन गएको हुँदा त्यो नाम, रुप, क्रियाभन्दा फरक म शुद्ध, नित्य, मुक्तअवस्थामा स्वाधीन र स्वतन्त्र छु भन्ने जुन निश्चय ज्ञान प्राप्त भै तत ( त्यो ब्रम्ह) (तिमीदेह भित्रको जीव) असि (एउटै हुँदा) आनन्दस्वरुप ब्रम्ह मै हुँ भनी बोध हुनु नै दृढ अपरोक्ष ब्रम्हज्ञान हो, जुन गुरुको उपदेश र आफ्नो श्रवण, अभ्यास निदिध्यासनबाट प्राप्त हुन्छ।

परोक्ष ब्रम्हज्ञानबाट ब्रम्ह सच्चिदानन्दस्वरुप छ भन्ने ज्ञान भै तत्सम्बन्धमा अरु अनुसन्धान र अभ्यासको जिज्ञासा अघि बढी रहन्छ। परिणाम पवित्र पुण्यात्माको कुलमा जन्म भै अपरोक्ष ब्रम्हज्ञान प्राप्तिको अवसर मिल्दछ। अदृढ अपरोक्ष ब्रम्हज्ञानबाट उत्तम लोक प्राप्त भई पुनर्जन्म हुँदा पूर्व संस्कार अभ्यासको कारण दृढज्ञान प्राप्त गर्न समर्थ हुन्छ । दृढ अपरोक्ष ब्रम्हज्ञानबाट जीवन मुक्त हुन्छ पुनः जन्मरणको चक्करमा फर्कनु पर्दैन भनी शास्त्रविज्ञहरुले बताइएका छन्। तसर्थ धर्म अर्थ र काम तीनवटा पुरुषार्थ प्रकृति अर्थात मायाशक्तिको संयोग सम्बन्ध मार्फत हुने ब्रम्हको नाम रुप कार्य हो भने मोक्ष स्वयं आनन्दस्वरुप ब्रम्ह हो । पुरुष(विकारयुक्त देहमा र हनेवाला) अर्थ (राम्रो यत्नपूर्वक बुझेर ) अर्थात् आफूले आफूलाई अरुभन्दा पृथक तवरबाट जानेर पुरुषोतम ( देहरहित अवस्थामा पनि सुख, दुःख, अनुभूतिबाट अलग रहने) नित्य शुद्ध आनन्दस्वरुपमा रहन सक्नुलाई परम पुरुषार्थ मानी साधनको रुप मानिन्छ भने मोक्षलाई नित्यानन्द परमपुरुषार्थ मानी साध्यस्वरुप जान्नु भनी सद्गुरुहको वचन रहेको छ ।

# नेवा पुःच दक्षिण कोरियाको बनभोज कार्यक्रम



नेवारहरु जहाँ गए पनि समूह बनाएर बस्ने उनीहरुको एउटा विशेषता ने हो । त्यसैले जहाँ नेवारहरु हुन्छन् त्यहाँ कुनै न कुनै सांस्कृतिक, भाषिक संघ संस्थाहरु हुन्छन् ।

विभिन्न समयमा विभिन्न काम विशेषले कोरिया पुगेका नेवारहरुले नेवा पुःच दक्षिण कोरिया गठन गरेको छ। उक्त पुचःले गत आइतवार साउन २ गते जुलाई १७ तारिक)का दिन एक बनभोजको आयोजना गरियो ।

नेवा पुःचका संरक्षक रमेश श्रेष्ठको संयोजकत्वमा आयोजना गरेको उक्त कार्यक्रममा अरु बर्षहरुमा जस्तै यसवर्ष पनि नेवा पुःचले  बोअर्याड़ मड फेस्टिबल थेछन स्थित समुन्द्रमा उक्त बनभोज कार्यक्रम गरिएको थियो ।

नेवार परिकारको स्वाद लिंदै त्यस स्थानको हिलो र समुद्रमा  खेलेर सम्पन्न गरिएको थियो ।

उक्त बनभोज कार्यक्रममा सबैले आ-आफ्नो कामको बोझलाई बिर्सेर मनोरन्जन गरिएको तथा आत्मीय भाइचाराको सम्बन्धलाई अगाडि बढाइएको थियो ।

४७ जना भन्दा बढीको उल्लेख्य सहभागिता रहेको उक्त बनभोज कार्यक्रमको अन्त्यमा नेवाः पुचका अध्यक्ष कृष्ण मुस्यानले उपस्थित सम्पूर्णप्रति आभार व्यक्त गर्दै धन्यवाद दिनु भएको थियो ।



# जनसेवा उच्च मावि ६९ औं बार्षिकउत्सव मनायो




पाँगा इचाख्यःस्थित जनसेवा उच्च मा.वि.ले गत श्रावण ३ गते सोमवार आफ्नो ६९ औं वार्षिकोत्सव भव्यताका साथ सम्पन्न गरेको छ। प्रमुख जिल्ला शिक्षा अधिकारीको प्रमुख आतिथ्यमा हुने भनिएको वार्षिकोत्सामा उहाँ कार्य व्यस्तताको कारणले आउन नसकेपछि विद्यालय निरिक्षक दामोदर रेग्मीले पानसमा दीप प्रज्ज्वलन गरी सरस्वतीको पूजा गरी कार्यक्रमको उद्घाटन गर्नुभयो।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष खगेन्द्र राईको सभापतित्वमा भएको उक्त कार्यक्रममा प्राचार्य नन्दकुमारी महर्जनले स्वागत मन्तव्यको साथै विद्यालयको गतिविधिको बारेमा जानकारी दिनु भएको थियो। विद्यार्थी अभिभावकहरुले खचाखच भरिएको हलमा प्रमुख अतिथिले विभिन्न क्षेत्रमा सफलता हासिल गर्ने विद्यार्थीहरुलाई मेडल तथा पुरस्कार वितरण गरिएको थियो। पुरस्कार वितरण मात्र करीव दुई घण्टा समय लागेको थियो। जनसेवा अध्ययनरत विद्यार्थी र शिक्षकहरुलाई प्रोत्साहन दिन विभिन्न दाताहरुले विभिन्न शिर्षकमा पुरस्कार दिने गरिएको छ । काठमाडौं दक्षिण भेगमै सर्वोत्कृष्ट ३.९२ जिपिए ल्याउने सिमरन श्रेष्ठले पाएको सबै पुरस्कारको राशी करीव ३० हजार पुगेको थियो । त्यस्तै उक्त कार्यक्रममा छात्रा/ दलित विद्यार्थीलाई पनि छात्रबृत्ति प्रदान गरिएको थियो । उक्त कार्यक्रममा भु.पु प्रधानाध्यापकहरु बुद्धिवहादुर महर्जनले तहगत उत्कृष्ट शिक्षकहरुलाई पुरस्कृत गरिएको थियो । जसमा पूर्व प्रा.वि.मा केवल केसरी महर्जन, प्रा.वि. विष्णुमाया भण्डारी, नि.मा.वि।मा रामचन्द्र महर्जन, का.वि.मा बिना महर्जनलाई पुरस्कृत गरिएको थियो । त्यस्तै उत्कृष्ट शिक्षकको पुरस्कार रामचन्द्र महर्जनले प्राप्त गर्नु भएको थियो । औपचारिक कार्यक्रम पछि विद्यार्थीहरुकै पहलमा विविध सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो । करीव ३ घण्टा चलेको सांस्कृतिक कार्यक्रममा गाना, नृत्यको साथै एकांकी नाटक पनि मञ्चन गरि देखाएको थियो । स्थानीय विद्यार्थीभन्दा बाहिर जिल्लाका विद्याथीहरुको बाहुल्यता भएको उक्त विद्यालयका अभिभावहरुले जनसेवा कुनै निजी विद्यालयभन्दा कम नभएको भन्ने आफूले गाउँबाटै सुनर आएको हुनाले आफ्ना तीनै जना बच्चाहरु यही स्कुलमा भर्ना गराएको भन्दै एकजना अभिभावकले गर्व महसुस गर्नुभयो।

# दुई साप्ताहिक पत्रिकाको बार्षिक उत्सव र तीन वटा पुस्तक विमोचन कार्यक्रम गर्ने

**कीर्तिपुर सन्देश**

कीर्तिपुरवाट प्रकाशित लोकप्रिय दुई पत्रिका कीर्तिपुर सन्देश साप्ताहिकको ६ औं बर्षमा प्रवेश र ज्वजलपा वाःपौको ७ औं बर्ष प्रवेशको उपलक्ष्यमा आउदो शनिवार साउन ८ गते कीर्तिपुरको मंगल उच्च माविमा एक विशेष समारोह हुने भएको छ।

सो समारोहमा उपन्यासकार नजरराम महर्जनको ११ औं नेपालभाषाको उपन्यास थ्वयाच्वंगु सः, पत्रकार श्रीकृष्ण महर्जनको पाँचौं कृति वक्तित्व, उद्घोषण र एफएम संचालन कला सम्वन्धि नेपालभाषावाट नासः र नाति महर्जनको नेपालभाषाको कविता संग्रह ईब्यःया चिनाखँ विमोचन हुने भएको छ। सो कार्यक्रममा ज्ञान पत्रकारिता पुरस्कार समेत प्रदान गर्ने कार्यक्रम रहेको कीर्तिपुर सन्देश साप्ताहिक परिवारले बताएको छ।

Rojen Maharjan
9813600651
9818252809
9851139404
MOBI VISION
ELECTRONIC PVT. LTD
Naya bazar, Kirtipur -17
( Infront of Civil Bank &
Rastriya Banijya Bank)
SAMSUNG GiONEE HUAWEI
Heavy Discount on purchasing
Gionee N Huawei Smart phone
Deal in all Kinds of Electronic
Goods & Branded mobile

Binod Maharjan
9841369552, 9808644666
बि.आर्टस्
B.Arts
Nayabazar, Kirtipur-17
B. Arts
Banner, Flex Board
Glows/ Signboard
Sticker Cutting & Printing
Screen/ Rubber Printing
Self-ink Stamp
PVC(ID)/ Visiting Card
Printing Support
Nayabazar, Kirtipur
4335491, b_arts@yahoo.com

VIDEO: 9741431243
तपाई बजेट छान्नुस्
Per day charge
Rs.4500 A
Rs.12000 B
Rs.19000 C
सेवाका लागि
हामि तयार छौं
DVD USB
PHOTO: 9841973789

Open !
...asses by ...ed & Experienced Teachers
...ble
Hotel Management
Business Studies
...ANGAL
MULTIPLE CAMPUS
...3 Tel: 4330544, 4335560



प्रमाणित सुन तथा चाँदीका गहनाका लागि

# पद्मिनि

*Jewellers*





अहिले पनि पद्ममिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : त:ग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सर्म्पक : ९८०२०१३७८०